# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np

पत्र संख्या:२०८०/८१

चलानी नं:

---

सूचना।        सूचना।।        सूचना।।।

पहिलो पटक प्रकाशित मितिः२०८०/०८/२७

दोस्रो पटक प्रकाशित मितिः२०८०/१०/०७

माण्डवीका महिला उध्धमशिलतामा पहिला भन्ने नारा सहित गाउपालिकाका महिलाहरुमा उध्धमशिलताको विकास गर्नुका साथै परम्परागत लोक सँस्कृतिको जगेर्ना गर्ने उद्देश्यले गाउपालिकाको आ व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम महिलाहरुलाइ पञ्चेबाजा वजाउने तालिममा सहभागी हुन इच्छुकहरुका लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

तालिममा सहभागी हुनका लागि तपशिल वमोजिमका सर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गाउ कार्यपालिकाको कार्यालय वा आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

निवेदन परेको मध्येवाट गाउपालिकाले छनौट गरी कुनै एक समूहलाइ मात्र तालिम दिइने भएकोले तालिमको मिति, समय र स्थान समूहको छनौट पश्चात मात्र तय गरिने यसै सूचनामार्फत जानकारी गराइएको छ।

<u>तपसिल</u>

- तालिममा सहभागी हुन इच्छुकहरुले आआफ्नो टोल वस्ती वा- समूदायका महिलाहरु मिलि ११/११ जनाको समूह वनाइ व्यक्तिगत रुपमा निवेदन दिनु पर्नेछ।पहिलेकै समूह भए नया गठन गर्नुपर्ने छैन।
- समूहको विवरण सहित तालिममा सहभागी हुनका लागि समूहको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
- समूहमा आवद्द नभइ व्यक्तिगत रुपमा दिएको निवेदनलाइ मान्यता दिइने छैन।
- तालिम लिइसके पश्चात पञ्चेबाजा वजाउने कार्यलाइ व्यवसायिक रुपमा सञ्चालन गर्नका लागि समूहका तर्फवाट एकमुष्ट रुपमा प्रतिवद्दता जनाउनुपर्नेछ।
- तालिममा सहभागी हुनका लागि माण्डवी गाउपालिकाको स्थायी वासिन्दा भएको हुनु पर्नेछ।

२०८०/१०/०६

प्रकाश पाण्डे

प्रमुख प्रशासकिय अधिकृत ।

---

"समाजबादको आधार, निशुल्क शिक्षा, स्वास्थ्य र रोजगार
माण्डवी बासीको मौलिक अधिकार "